सूचना नं. १०-२०८३/८४ *"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"*

## लेखापरीक्षक नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०८३/०४/१८)

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ५८ बमोजिम गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरूको आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि इच्छुक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा आबद्ध चार्टर्ड एकाउन्टेन्ट, दर्तावाला लेखा व्यवसायी फर्म वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहाय बमोजिमका कागजातहरू संलग्न गरी यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरूः**

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी गरिएको पेशागत प्रमाणपत्रको प्रतिलिपि।
२. नवीकरण भएको लेखा व्यवसायी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
६. लेखापरीक्षकमा नियुक्त गरिदिन अनुरोध गरिएको निवेदन।
७. कुनै पनि निकायबाट कारबाही वा कालोसूचीमा नपरेको तथा अन्य कुनै सरकारी वा सार्वजनिक निकायमा लेखापरीक्षकको रूपमा कार्यरत नरहेको स्वघोषणा।

**नोट :**

१. म्याद नाघी वा आवश्यक कागजात तथा प्रक्रिया पूरा नगरी पेश भएका दरखास्तहरू उपर कुनै कारबाही गरिने छैन।
२. लेखापरीक्षण नेपालको प्रचलित कानून, ऐन, नियम, नेपाल सरकारले स्वीकृत गरेको लेखा निर्देशिका तथा अन्य प्रचलित कानूनी व्यवस्था बमोजिम गर्नुपर्नेछ।
३. आन्तरिक राजस्व विभाग (IRD) मा पेश गर्नुपर्ने Utility Audit Report समेत लेखापरीक्षण प्रतिवेदनसँग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

.................................
(विवेक कुमार तामाङ)
शाखा अधिकृत (शिक्षा)